नेपाल सरकार
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंज काठमाडौं
"दण्डहिनता विरुद्ध CIB को अभियान"

visit Nepal 2020 Lifetime Experiences

**बिषय:-** प्रेस विज्ञप्ती

मिति २०७६/०७/२४ गते।

**"१८ बर्ष अघि धारिलो हतियार प्रहार गरी हत्या गर्ने २ जना आरोपीहरू पक्राउ"**

**घटना विवरण :**

मिति २०५९/०७/२९ गते बेलुकी अं.१७:३० बजेको समयमा जिल्ला धादिङ्ग साबिक दार्खा गा.बि.स.वडा नं.२ हालको ऐ. जिल्ला खनियाबास गा.पा.वडा नं. ३ स्थित कलङडुङको मुलबाटो देउराली भन्ने स्थानमा जि.धादिङ्ग दार्खा गा.बि.स.वडा नं. २ हालको खनियाटार गा.पा.वडा नं. ३ बस्ने गोम लामा तामाङ्ग र ऐ.ऐ. बस्ने शुक लामा तामाङ्ग समेतले जिल्ला धादिङ्ग दार्खा गा.बि.स.वडा नं. २ बस्ने वर्ष २४ को पशुराम तामाङ्गलाई एकादशीको मेला भर्न गएको मौका छोपी, पुरानो रिसईबी तथा युवतीको विषयलाई लिएर भएको बिबादमा धारिलो हतियार खकुरी तथा नाईन स्टिक समेत प्रहार गरि हत्या गरी वारदात समयबाटै फरार रहि गोम लामा तामाङ्ग बैदेशिक रोजगारीको सिलसिलामा दुबई गई ३ वर्ष बसी फर्की आए पश्चात गागलफेदीमा कृषि फर्म तथा घर जग्गाको व्यबसाय समेत गर्दै आएको र शुक लामा तामाङ्ग कतार तथा मलेशिया समेतमा ६ वर्ष बसेर फर्की मुलपानीमा खाजा नास्ता पसल संचालन गरि लुकुछिपि बसिरहेको अबस्थामा निज प्रतिवादीहरू गोम लामा तामाङ्गलाई जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. १ गागलफेदी र शुक लामा तामाङ्गलाई जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. ६ बाबा चोक मुलपानीबाट पक्राउ गरिएको।

साथै,निज पक्राउ प्रतिबादीहरूलाई आवश्यक कारवाहीको लागि मिति २०७६/०७/२४ गते जिल्ला प्रहरी कार्यालय धादिङ्ग पठाएको।

**पक्राउ प्रतिवादीको विवरण:**

| | | |
|---|---|---|
| १. | **नाम** | : गोम लामा तामाङ्ग |
| | **उमेर** | : तत्काल २४ वर्ष, हाल ४२ वर्ष |
| | **ठेगाना** | : जिल्ला धादिङ्ग साबिक दार्खा गा.बि.स.वडा नं. २ हालको ऐ. जिल्ला खनियाबास गा.पा.वडा नं. ३ घर भई हाल जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. १ गागलफेदी |
| | **पेशा** | : कृषि व्यबसाय |
| | **शै. यो.** | : एस.एल.सी.पास |
| | **पक्राउ मिति** | : २०७६/०७/२४ गते। |
| | **पक्राउ स्थान** | : जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. १ गागलफेदी |
| २. | **नाम** | : शुक लामा तामाङ्ग |
| | **उमेर** | : तत्काल १९ बर्ष, हाल ३७ वर्ष |
| | **ठेगाना** | : जिल्ला धादिङ्ग साबिक दार्खा गा.बि.स.वडा नं. २ हालको ऐ. जिल्ला खनियाबास गा.पा.वडा नं. ३ घर भई हाल जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. ६ मुलपानी |
| | **पेशा** | : व्यबसाय ( चिया पसल ) |
| | **शै. यो.** | : सा.ले.प. |
| | **पक्राउ मिति** | : २०७६/०७/२४ गते। |
| | **पक्राउ स्थान** | : जिल्ला काठमाण्डौं कागेश्वरी मनहरा न.पा. वडा नं. १ बाबा चोक मुलपानी |

**प्रहरी उपरीक्षक**
**(वेल बहादुर पाण्डे)**
**प्रवक्ता**
**सम्पर्क नंबर:- ९८५१२९१३११**